का.जि.प्र.का.द.नं. १००/०५१/५०
१२ चैत २०७९,
आइतबार
26 March 2023,
Sunday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक
ईपेपर हेर्न

वर्ष २१, अंक ६० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# तीव्र लविङमा उपेन्द्र

उपचुनावमा सत्तापक्षमा रहेका उपेन्द्र र जनमत पार्टी आमनेसामने हुने भएका छन् । सिके राउत मधेश केन्द्रित शक्ति एकीकृत गर्न लागेका छन् भने उपेन्द्र यादव लविङमा ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ११ चैत ।

बारा-२ को उपचुनाव लड्ने तयारीमा रहेका जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादव तीव्र लविङमा रहेका छन् । जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले बारा-२ मा जसपाका अध्यक्ष उपेन्द्र यादवलाई हराउने उद्घोष गरेपछि उनको सक्रियता बढेको छ ।

गत बुधबार बारामा आयोजित पार्टी प्रवेश कार्यक्रममा अध्यक्ष राउतले जसपा अध्यक्ष यादव चोर बाटोबाट संसदमा प्रवेश गर्न खोजेको आरोप लगाए । यादवमाथि खनिएका राउतले उनलाई 'फिरङ्गी, बाहिरिया' लगायतका आरोप लगाउँदै यसपटक पनि चुनाव हराउने दाबी गरे ।

अर्थात, उपचुनावमा सत्तापक्षमा रहेका उपेन्द्र र जनमत पार्टी आमन्नेसामुन्ने हुने भएका छन् । दुवै दल सत्ता साझेदार दल हुन् । सिके राउत मधेश केन्द्रित शक्ति



एकिकृत गर्न लागेका छन् भने उपेन्द्र यादव लविङमा ।

बारा-२ बाट प्रतिनिधिसभामा निर्वाचित रामसहाय प्रसाद यादव उपराष्ट्रपति निर्वाचित भएपछि त्यहाँ प्रतिनिधिसभा सदस्य पद रिक्त छ । यसअघि ४ मंसिरमा भएको निर्वाचनमा पनि बारा-२ मा कांग्रेसले आफ्नो उम्मेदवार उठाएको थिएन । माओवादी केन्द्रका शिवचन्द्र कुशवाहलाई समर्थन गरेको थियो ।

यही क्रममा शनिबार भएको पदाधिकारी बैठकमा कांग्रेस सभापति शेरबहादुर देउवाले बारा-२ मा जसपाका अध्यक्ष उपेन्द्र यादवले सहयोग मागेको र सहयोग गर्ने वचन दिइसकेको ब्रिफिङ गरेका एक पदाधिकारीले बताए ।

नेपाली कांग्रेसले १० वैशाख २०८० मा उपनिर्वाचन हुने चितवन-२ र तनहुँ-१ मा भने कांग्रेसले सोमबार उम्मेदवार तय गर्ने एक पदाधिकारीले बताए । चितवन-२ मा यसअघि कांग्रेसका उमेश श्रेष्ठ राष्ट्रिय स्वतन्त्र पार्टीका रवि लामिछानेसँग पराजित भएका थिए भने तनहुँ-१ मा कांग्रेसबाटै रामचन्द्र पौडेल निर्वाचित भएका थिए ।

## हनिमुन अवधि

# सरकार टिकाउनु उपलब्धि

१० पुससम्म कांग्रेस सरकारमा थियो । चुनाव अगाडिको गठबन्धन तोडिएर प्रचण्ड नेतृत्वमा एमाले र माओवादीसहितको समीकरणमा सरकार बनेपछि सत्ताबाहिर पुगेको कांग्रेस तीन महिनामै सत्तामा फर्किएको छ ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ चैत ।

प्रदेश र प्रतिनिधि सभा निर्वाचनपछि सरकारबाट बाहिरिएको नेपाली कांग्रेस तीन महिनामै सत्तामा पुगेको छ । कांग्रेस नेतृत्वको तत्कालीन गठबन्धन छाड्दै माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड एमालेसहित दलहरूको समर्थनमा प्रधानमन्त्री नियुक्त भएसँगै कांग्रेस सत्ताबाट बाहिरिएको थियो ।

१० पुससम्म कांग्रेस सरकारमा थियो । चुनाव अगाडिको गठबन्धन तोडिएर प्रचण्ड नेतृत्वमा एमाले र माओवादीसहितको समीकरणमा सरकार बनेपछि सत्ताबाहिर पुगेको कांग्रेस तीन महिनामै सत्तामा फर्किएको छ ।

१० पुसमा एमालेको समर्थनमा प्रचण्ड प्रधानमन्त्री बनेपछि आफ्नै पार्टीभित्रबाट समेत पुरानो गठबन्धन जोगाउन नसकेको भन्दै कांग्रेस सभापति शेरबहादुर देउवाको तीव्र आलोचना भएको थियो । आलोचनाबीच कांग्रेसले गत पुस २६ गते प्रधानमन्त्री प्रचण्डलाई प्रधानमन्त्रीमा विश्वासको मत दिएर सहकार्यको हात बढाएको थियो ।

त्यसबेला नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले प्रतिनिधिसभाको बैठकमा बोल्दै कांग्रेसले ढोक्सा थापेको टिप्पणी गरेका थिए । कांग्रेस सहितका दलहरुले सरकारमा जाने चाहना राख्नुलाई अन्यथा लिन नसकिने बताएको थियो ।

राष्ट्रपतिको निर्वाचनमा कांग्रेस र माओवादी समेतको गठबन्धन बनेपछि चैत ६ गतेकै प्रतिनिधिसभाको बैठकमा कांग्रेस सत्ता पक्षको बेन्चमा बसेको थियो ।

सरकारको नेतृत्व सम्हालेको ८४ दिनमा प्रचण्डले प्रतिनिधि सभाबाट गत सोमबार >>> पृष्ठ २ मा



## कांग्रेसबाट पूर्णबहादुरको सम्भावना



नेपाली कांग्रेस उपसभापति पूर्णबहादुर खड्काको नेतृत्वमा सरकारमा जाने भएको छ ।

पूर्व उपसभापति प्रकाशमान सिंह र विमलेन्द्र निधिले समेत सरकारमा नेतृत्व गर्ने चाहना राखेका थिए । तर, बहालवाला उपसभापति पूर्णबहादुर खड्काको नेतृत्व गर्ने तय भएको छ । एमालेले सरकारमा रहँदा सम्हालेका ८ मन्त्रालयमा १ मन्त्रालय थप हुने आस राखेको कांग्रेसले नेतृत्वको टुंगो लगाएको हो । खड्का पुस १० को गठबन्धन भत्काउन जिम्मा दिएर देउवाको किचन >>> पृष्ठ २ मा

### माओवादीको प्राथमिकता
## संक्रमणकालीन न्याय

सत्तारुढ माओवादी केन्द्रको पदाधिकारी बैठकमा मन्त्रिपरिषद् विस्तार र संक्रमणकालीन न्यायसँग सम्बन्धित विधेयकलाई टुंगो लगाउने विषयमा छलफल भएको छ ।

माओवादी केन्द्रको पार्टी कार्यालय पेरिसडाँडामा शनिबार बसेको पदाधिकारी बैठकमा संसद्लाई प्रभावकारी बनाउने, मन्त्रिपरिषद् विस्तार र पार्टीलाई अगाडि बढाउने विषयमा छलफल भएको हो । माओवादी केन्द्रका सचिव देवेन्द्र पौडेलले सोमबारसम्म मन्त्रिपरिषद् विस्तार गर्नेबारे छलफल भएको बताए । उनले सत्तारुढ गठबन्धनमा सहभागी राजनीतिक दलहरूसँग प्रधानमन्त्री तथा पार्टी अध्यक्ष पुष्पकमल दाहालले छलफल गरेर >>> पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# श्रम मन्त्रालय हाँक्ने को ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ चैत

सत्तारुढ दलहरुबीच मन्त्रालय बाँडफाँडको विषय उत्कर्षमा रहेपनि वैदेशिक रोजगारसँग प्रत्यक्ष जोडिएको श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय विगतमा जस्तै प्रमुख दलहरूको छनोटमा नरहेको देखिएको छ ।

वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्सले मुलुकको अर्थतन्त्र चलायमान भएको भएपनि प्रमुख दलहरू अर्थ र गृह मन्त्रालय कसले लिने भन्ने विषयमा पेचिलो छलफल गरिरहेकाले श्रम मन्त्रालय यसपटक पनि सरकारमा सहभागी हुने साना दलहरूको भागमा पार्ने गरी छलफल भइरहेको स्रोतले बताएको छ ।

पछिल्लो अवधिमा राष्ट्रिय स्वतन्त्र पार्टीको भागमा परेको उक्त मन्त्रालय तत्कालीन मन्त्री डोलप्रसाद अर्यालले गत माघ २२ गते राजीनामा दिएपछि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले अन्य १६ मन्त्रालयसँगै श्रम मन्त्रालय पनि आफ्नै नेतृत्वमा राखेका छन् ।

आगामी मन्त्रिपरिषद् विस्तारमा श्रम मन्त्रालय प्रतिनिधि सभामा



दश सिट रहेको नेकपा एकीकृत समाजवादीको हिस्सामा पार्ने गरी छलफल भइरहेको बताइएको छ । एकीकृत समाजवादीले श्रम मन्त्रालयको जिम्मेवारी पाएमा सल्यानबाट प्रतिनिधि सभामा निर्वाचित सांसद प्रकाश ज्वालाले मन्त्रालयको नेतृत्व पाउने आंकलन गरिएको छ । सल्यानका ज्वाला पूर्वप्रधानमन्त्री एवं एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल निकट मानिन्छन् । उनले नेपाललाई कठिन परिस्थितिमा साथ दिँदै आएका छन् । यदि ज्वालाले अरु मन्त्रालय खोजे समाजवादीबाटै पूर्व श्रम मन्त्री किशान श्रेष्ठ नै पुनः श्रममा दोहोरिने प्रवल सम्भावना रहेको सुत्रहरुले औंल्याएका छन् ।

कतिपयले स्वतन्त्र सांसद प्रभु साह मन्त्री भएमा उनले श्रम मन्त्रालयको नेतृत्व पाउने सम्भावना रहेको आंकलन गरेका छन् । उनी यसअघि प्रतिनिधि सभाको श्रम समितिको सभापति भइसकेका सांसद हुन् ।

हाल करिब २२ लाख नेपाली वैदेशिक रोजगार लगायतको प्रयोजनमा मुलुक बाहिर रहेका छन् । वैदेशिक रोजगार व्यवसायलाई दीर्घकालीनरूपमा व्यवस्थित र मर्यादित बनाउन विगतमा गरिएका फ्रि भिसा फ्रि टिकटजस्ता अव्यवहारिक निर्णय सच्याउन मन्त्रालयमा अनुभवी र निडर नेतृत्व आउनुपर्ने वैदेशिक रोजगार व्यवसायीहरूको माग रहेको छ ।

# कार्यकारी सम्पादक तामाङको निधन



**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ चैत

मध्यान्ह राष्ट्रिय दैनिकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) तथा कार्यकारी सम्पादक दीपेन्द्रविक्रम तामाङको निधन भएको छ । ब्रेन स्ट्रोकका कारण भैसेपाटीस्थित मेडिसिटी अस्पतालमा उपचाररत ४४ वर्षीय तामाङको शनिबार दिउँसो निधन भएको पारिवारिक स्रोतले जनाएको छ । गत फागुन २८ गते आइतबार बिहान आफ्नै निवासमा शौचालय जाँदा ब्रेन स्ट्रोक भएर ढलेका तामाङलाई उपचारका लागि चाबहिलस्थित दीर्घायू अस्पताल पुऱ्याइएको थियो । दीर्घायूमा उपचार सम्भव नभएपछि उनलाई भैसेपाटीस्थित मेडिसिटी अस्पताल रिफर गरिएको थियो ।

तामाङ २०७९ माघ १ गतेदेखि मध्यान्ह राष्ट्रिय दैनिकका सीईओ तथा कार्यकारी सम्पादकका रुपमा कार्यरत थिए । यसभन्दा अगाडि उनले जनता टेलिभिजन, नेपाल समाचारपत्र, न्यूज २४ टेलिभिजन, सिटिजन एफएम, रेडियो सगरमाथा, >>> पृष्ठ २ मा

## UAE र CYPRUS मा वैदेशिक रोजगारको अवसर

१. कम्पनी: KENZ HYPERMARKET L L C — शहर: UAE
पूर्व स्वीकृत मितिः २०७९/१२/०९ | चलानी नं.: ६०१९८७३७ | LT. No.: 283265

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stall & Market Saleperson | 10 | 10 | सम्बन्धित काममा दक्ष | 1500 | ५३,६४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 0 | 5 | | 1500 | ५३,६४० | | | | | | | |

२. कम्पनी CARS TAXI SERVICES CO. LLC — शहर: UAE (Only for UAE Driving license Holders)
पूर्व स्वीकृत मितिः २०७८/०६/१५ | चलानी नं.: ६०१६४५४५ | LT. No.: 247397 | पुनःविज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Taxi Driver | 95 | 0 | स.काममा दक्ष | 1600 | ५७,२१६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी: ORTHODOXOU EMPLOYMENT BUREAU LTD. — शहर: Cyprus, LARNACA
पूर्व स्वीकृत मितिः २०७९/१२/१० | चलानी नं.: ६०१९८७३६ | LT. No.: 283367

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Agriculture Worker / Labour | 2 | 2 | सम्बन्धित काममा दक्ष | 500 | ७१,४०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chambermaids | 0 | 3 | | 612 | ८७,४०० | | | | | | | |
| 3. | Cook | 5 | 0 | | 800 | ११४,२४८ | | | | | | | |
| 4. | Domestic Worker | 0 | 5 | | 315 | ४४,९८५ | | | | | | | |
| 5. | Waiters/waitresses | 4 | 4 | | 787 | ११२,३९१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत १९, २० र २१ गते (2, 3 & 4 April 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | युएईको निःशुल्क र साइप्रसको रु. ८०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

RAJ GROUP OF COMPANIES
License No.:1245/074/075
Raj Group Of Company Pvt. Ltd.
Basundhara-3, Kathmandu, Tel: 01-5903550, 5903660
Email: info@rajgroupnepal.com, Website:www.rajgroupnepal.com
Mobile no: 9801047341/9802047340/9802347340

# गोरखा सेवा समाज कतारको अध्यक्षमा गुरुङ

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ११ चैत

गोरखा सेवा समाज कतारको १२औं साधारण सभा सम्पन्न भएको छ । साधारण सभाको अवसरमा 'आमा' सेमिनारका साथै व्यक्तित्व तथा नेतृत्व विकास कार्यक्रम पनि सम्पन्न भएको छ ।

खुल्ला र बन्द सत्र गरी दुई चरणमा सम्पन्न साधरण सभाको खुल्ला सत्र समाजका अध्यक्ष रामजी खत्रीको सभापतित्व, गोरखा ग्लोबल समाजका उपाध्यक्ष श्रीकृष्ण भट्टराईको प्रमुख आतिथ्यता तथा मानव सेवा आश्रमका परिकल्पनाकार एवं अध्यक्ष रामजी अधिकारीको विशेष आतिथ्यता रहेको थियो ।

कार्यक्रममा कतारमा स्थापित विभिन्न संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरुको उपस्थिति रहेको थियो ।

साधारण सभाको बन्द सत्रबाट ओमराज गुरुङको अध्यक्षतामा नयाँ कार्यसमिति निर्विरोध निर्वाचित गरिएको छ । कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा विमल न्यौपाने, उपाध्यक्षद्वय विकास श्रेष्ठ र सुजन धिताल, महासचिवमा अर्जुन संग्रौला, सचिवमा रुद्र भट्ट, कोषाध्यक्षमा राजेन्द्र पराजुली निर्वाचित भएका छन् ।

यस्तै, सदस्यहरुमा गोरखा नगरपालिका संयोजक उत्तम श्रेष्ठ, पालुङटार नगरपालिका संयोजक अशोक श्रेष्ठ, सिराञ्चोक गाउँपालिका संयोजक सूर्यबहादुर गुरुङ, अजिरकोट गाउँपालिका संयोजक रविन गुरुङ, आरुघाट गाउँपालिका संयोजक चन्द्र नेपाली चयन भएका छन् ।

त्यस्तै कार्यसमिति सदस्यहरूमा दिनेश थापा, चित्रबहादुर थापा, इन्द्रबहादुर नेपाली निर्वाचित भएका छन् ।



नवनिर्वाचित कार्यसमितिलाई निर्वाचन समितिका संयोजक राकेश श्रेष्ठले पद तथा गोपनीयताको शपथ गराएका थिए । शपथपछि बोल्दै नवनिर्वाचित अध्यक्ष गुरुङले कतारमा रहेका पीडित गोरखालीलाई सहयोग, जिल्लामा असहाय गरिबलाई विशेष शिक्षा, मानवीय सेवामा तल्लीन भएर लाग्ने र कतारमा रहेका गोरखालीबीच एकताबद्ध गर्ने प्रतिबद्धता जनाए ।

वार्षिक साधारण सभाको खुल्ला सत्रमा समाजका वरिष्ठ उपाध्यक्ष ओमराज गुरुङले स्वागत तथा कार्यप्रगति विवरण पेस गरेका थिए । कार्यक्रमको शुभारम्भमै नेपालबाट आमन्त्रित अतिथि अधिकारीले खाने बस्ने र सुत्ने तरिका नमिल्दा जीवनमा असहजता पैदा भइरहेको हुदाँ त्यस्ता समस्या निराकरणका उपाएका बारेमा जानकारी गराएका थिए ।

बाहिरबाट चिटिक्क देखिने मानिस भित्र खिटिक्क भएर मर्ने गरेको हुदाँ बस्दा ढाडलाई सिधा राख्नुपर्ने र मानसिक अवस्था बलियो बनाउन बस्दा गर्दन सिधा बनाउनुपर्ने उनको भनाइ थियो ।

मानव आश्रममा १ हजार ४ सय ५० भन्दा बढी बा-आमा र १ सय ५२ जना बच्चाहरूले आश्रय लिइरहेको बताउँदै उनले मानवतालाई केन्द्रमा राख्न आग्रह गरे ।

'आमा' सेमिनारमा बोल्दै अधिकारीले मनोरञ्जन भनेको मनको उत्तेजना रहेको बताउँदै अब मनोरञ्जन अर्थात् मनलाई माझ्नु पर्ने आवश्यकता औंल्याए । उनले भौतिकताले सुख दिने तर शान्ति नदिने भएकाले अध्यात्ममा ध्यान दिन आग्रह गर्दै सेवा आश्रमले गरेका मानवीय कार्यको वृत्तचित्र देखाइएको उनले बताए । डेढ अर्ब बजेटमा १६ वटा जिल्लामा 'मानव मन्दिर' (घर) बन्दै गरेको बताउँदै उनले धन धेरै भएर होइन इच्छा कटौती गरेर गरिने सहयोगलाई 'मानव सेवा' भनिने धारणा राखे ।

मानव सेवा आश्रम (मानवता प्रबर्द्धन महाअभियान) गोरखा शाखाको निर्माण हुँदै गरेको मानवताको मन्दिर निर्माणका लागि आश्रमको अभिभावक संस्थासमेत रहेको समाजले १ कोठा निर्माणको लागि रु. पाँच लाख एघार हजार एक सय एघार आश्रमका अध्यक्ष अधिकारीलाई हस्तान्तरण गरेको थियो ।

सभामा कतारका लागि नेपाल सरकारका पर्यटन तथा संस्कृति मन्त्रालयका सद्भावना राजदूत टिबी कार्कीलगायत विभिन्न संघ संस्थाका अध्यक्ष तथा प्रतिनिधिहरुले शुभकामना मन्तव्य राखेका थिए । वक्ताहरूले सामाजिक तथा मानवीय क्षेत्रमा समाजले गरेका कार्यहरूको प्रशंसा गरेका थिए ।

कार्यक्रममा समाजका विविध गतिविधिमा विशेष योगदान पुऱ्याउने समाजका प्रमुख सल्लाहकार राकेश श्रेष्ठ र संरक्षक श्रीकृष्ण भट्टराईलाई दोसल्ला ओढाएर सम्मान गरिएको थियो । आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि भट्टराईले मानव सेवा र मानवीयतासहितको साधारण सभा गर्ने गोरखा समाजप्रति कृतज्ञता प्रकट गरे । महासचिव विकास श्रेष्ठले सहजीकरण गरेको खुल्ला सत्रको समापन गर्दै सभापति खत्रीले कार्यकाल सफल बनाउन सहयोग पुऱ्याउने सबैप्रति आभार व्यक्त गरेका थिए ।

# कोशी प्रदेश आन्दोलनको छानबिन गर्न समिति गठन

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ चैत

सरकारले कोशी प्रदेशको नामकरणको विषयलाई लिएर भइरहेको आन्दोलनका क्रममा भएको जनधनको क्षतिको छानबिनका लागि एक समिति गठन गरेको छ । सरकारले सहसचिव रामबन्धु सुवेदीको नेतृत्वमा ६ सदस्यीय छानबिन समिति गठन गरेको प्रधानमन्त्रीको सचिवालयले जानकारी दिएको छ।

कोशी प्रदेश नामकरणको विरुद्धमा भएको आन्दोलनमा प्रहरीको लाठीचार्जबाट घाइते भएका पदम लिम्बूको मृत्यु भएको भएको थियो । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले आन्दोलनका कार्यक्रमले सिङ्गो देशको ध्यानाकर्षण गरेको र सो विषयमा संवेदनशील भएको अवस्थामा सडक आन्दोलनका कार्यक्रम छोडेर संवादमा सहभागी बन्न पनि आन्दोलनरत पक्षलाई आग्रह गरेका थिए । प्रधानमन्त्री प्रचण्डले प्रदेश नामाङ्कन संयुक्त सङ्घर्ष समितिको ब्यानरमा आन्दोलनको नेतृत्व गरिरहेका नेपाल आदिवासी जनजाति महासङ्घ, किरात राई यायोक्खा, किरात याक्थुम चुम्लुङ, नेपाल शेर्पा संघ, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च, किरात धर्म तथा साहित्य उत्थान मञ्च लगायतका सरोकारवाला संघसंस्थाका प्रतिनिधिसँग शनिबार बिहान प्रधानमन्त्री निवास बालुवाटारमा छलफल गरेका थिए ।

सो अवसरमा सरकारका तर्फबाट सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा, प्रधानमन्त्रीका मुख्य सल्लाहकार हरिबोल गजुरेल, नेपाल सरकारका मुख्यसचिव शंकरदास वैरागी र गृहसचिव विनोदप्रकाश सिंह रहेका थिए ।

प्रधानमन्त्री प्रचण्डले आन्दोलनका क्रममा भएको लिम्बूको निधनप्रति दुःख प्रकट गर्दै घटनाबारे सत्यतथ्य पत्ता लगाउन छानबिन समिति गठन गर्ने, शहीद घोषणा र पीडित परिवारलाई राहत प्रदान गर्न आवश्यक पहल गर्ने तथा प्रादेशिक नामकरणको विषयमा राजनीतिक तहमा वार्ता र संवादको माध्यमबाट समस्या समाधान गर्न सकिने बताएका थिए ।

# कम्पनी रजिष्ट्रारको कार्यालयमा दलालको बिगबिगी

**विनोद अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ चैत

काम लिएर कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर पुगेका सर्लाहीका विवेक यादवलाई एक हुल युवाहरु आएर घेरा हाले । कार्यालय छिर्न अवरोध गर्दै गेटमा घेरा हालेका युवाहरूले एकाएक सोध्न थाले, 'कम्पनी दर्ता गर्न आउनुभएको हो ? कम्पनी नवीकरण गर्नु छ ? हो भने शुरुमा हाम्रो सहयोग लिएर मात्र भित्र छिर्नुस् नत्र तपाईंको काम बन्दैन ।' यसो भनिरहँदा यादवले टुलुटुलु हेरिरहे ।

यादवले आफ्नो काम सकिएको र साथीलाई पर्खिरहेको बताएपछि ती युवाहरू अर्का सेवाग्राही तिर लागे । अर्का सेवाग्राहीलाई पनि उनीहरूले त्यसै भनिरहेका थिए । 'कम्पनी रजिष्ट्रारको गेट अगाडि बसेर ती युवाहरूको चर्तीकला धेरैबेर हेरें,' यादवले भने, 'कोही आए जालमा फसाउन सकिन्छ कि भनेर बसेका हुँदा रहेछन् ।' उनका अनुसार रजिष्ट्रार कार्यालयमा सेवा लिन पुग्ने धेरै सेवाग्राहीले दलालबाट सास्ती पाउँदै आएका छन् ।

सरकारी कार्यालयमा सर्वसाधारणहरु आफ्नो काम लिएर जाँदा त्यहाँका कर्मचारीहरुले केही नबोली जनताको काम गर्न सम्भव नभएको मोरङकी समिता लामा बताउँछिन् । 'नेपालका कयौं मानिस निरक्षर छन्, पढ्न लेख्न जान्दैनन् अनि प्रक्रिया पनि बुझ्दैनन्, यसैको फाइदा उठाउँदै काममा सुस्तता देखाउने, फाइल अड्काएर राखिदिने सरकारी कर्मचारीको दैनिकी नै हो,' लामाले मध्यान्हसँग दुखेसो पोखिन् ।

सेवा लिन पुग्ने सेवाग्राहीलाई कार्यालयको गेट बाहिरै रोकेर दलालले आफ्नो कब्जामा लिएर ठग्ने गरेका छन् । कब्जामा लिएपछि आफूले काम गरिदिने भन्दै पैसा लिएर सेवाग्राही ठग्ने दलालहरुको देशैभरिका सरकारी कार्यालयमा बिगबिगी छ । कम्पनी रजिष्ट्रारको कार्यालयमा कम्पनी दर्ता, नवीकरण तथा कम्पनीको विविध कामका लागि पुग्ने सेवाग्राहीहरुलाई फकाएर आफ्नो जालमा पारेपछि काम गरिदिएको बहानामा दलालले रकम लिने गर्छन् ।रजिष्ट्रार कार्यालयका कर्मचारीहरुकै मिलेमतोमा काम हुने भएकाले दलालहरुको फाइल छिटो हेरिदिने र सर्वसाधारणलाई दुई-चार दिनसम्म अल्झाएर राख्ने सेवाग्राहीहरुको आरोप छ ।

## हनिमुन...

दोस्रोपटक विश्वासको मत लिए । प्रतिनिधि सभाका दुई दल नेकपा (एमाले) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) प्रचण्डको विपक्षमा उभिए । नेपाल मजदुर किसान पार्टी भने तटस्थ बस्यो । बाँकी सबै दलले प्रचण्डलाई विश्वासको मत दिएका थिए । यससँगै नयाँ गठबन्धनमा रहेका दलहरु सरकारलाई पूर्णता दिनेतिर केन्द्रीत भएका छन् ।

## माओवादीको...

मन्त्रिपरिषद् विस्तारलाई टुंगोमा पुऱ्याउनेबारे छलफल भएको हो ।

पदाधिकारी बैठकमा संसद्लाई प्रभावकारी रूपमा अगाडि बढाउने विषयमा पनि छलफल भएको पौडेलले बताए । 'संसद्लाई सुचारु गर्ने बारेमा छलफल भयो । संसद्लाई प्रभाकारी रूपमा कसरी अगाडि लैजाने भन्ने विषय थियो । गठबन्धनमा रहेका दलहरूसँग छलफल गरेर संक्रमणकालीन न्यायसँग सम्बन्धित कानुन टुंगो लगाउनेबारे छलफल भयो,' उनको भनाइ थियो ।

## कांग्रेसबाट...

क्याबिनेटबाट खटाइएका नेता हुन् । 'पूर्ण दाइले अरुले नेतृत्व गर्ने तय भएको छ' एक पदाधिकारी भन्छन्, 'भावी सभापतिको रुपमा तयारी गर्न पनि उहाँलाई पहिलो दुई वर्ष सरकारमा रहेर काम गर्दा फाइदा पुग्छ ।' कांग्रेसबाट मन्त्री बनाउन प्रत्यक्ष निर्वाचित अनुहार प्राथमिकतामा छ । यसो हुँदा देउवा सरकारमा मन्त्री भएका ज्ञानेन्द्रबहादुर कार्की, डा. नारायण खड्का, दिलेन्द्र बडू स्वतः दौडबाट बाहिरिएका छन् ।

उपसभापति धनराज गुरुङ, सहमहामन्त्रीहरू जीवन परियार, बद्री पाण्डे, किशोरसिंह राठोर मन्त्री बन्ने दौडमा छन् । गुरुङ, परियार र पाण्डे इतर समूहका नेता हुन् । राठौर संस्थापन समूहका हुन् ।

## कार्यकारी...

टाइम्स एफएम, इमेज च्यानल, सहयात्री मासिक, तामाङ टाइम्स, सिनेयात्री मासिक लगायतमा काम गरेका थिए । स्व. तामाङको श्रीमती, एक छोरी र एक छोरा छन् । स्व. तामाङको शवलाई बौद्धस्थित तामाङ गुम्बामा राखिएको छ । स्व. तामाङको शवलाई अन्तिम श्रद्धाञ्जलीका लागि आइतबार बिहान ११ बजेदेखि १२ बजेसम्म राष्ट्रिय नाचघरमा राखिने र लामा गुरुहरुको सल्लाहमा बौद्ध परम्पराअनुसार अन्तिम संस्कार गरिने पारिवारिक स्रोतले जनाएको छ ।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मितिः २०७९/१२/१२**

**अटायर क्लोथिङ्ग प्रा.लि.** को मिति २०७९/१२/०४ मा सम्पन्न एकल सेयरधनीको विशेष बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **ट्रि मिडिया कम्युनिकेशन प्रा.लि. (प्रा.लि.नं.: १६३४६५)** कायम गर्ने गरी मिति २०७९/१२/०८ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**रतुवामाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**मोरङ, कोशी प्रदेश, नेपाल**

**रतुवामाई नगरपालिकाको जनहितमा जारी सन्देश**

- घर निर्माण गर्नु अघि बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत मापदण्डको बारेमा जानकारी राखौं र सोको पालना गरौं ।
- सार्वजनिक जग्गा, पोखरी, वन आदि व्यक्तिगत प्रयोजनका लागि प्रयोग नगरौं, त्यस्ता क्षेत्रहरु अतिक्रमण हैन, संरक्षणको लागि पहल गरौं ।
- व्यक्तिगत घटना घटेको ३५ दिनभित्र संयुक्त वडा कार्यालयमा घटना दर्ता गरौं ।
- आफ्नो टोल बस्तीमा हुने विकासका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा सदैव जागरुक बनौं ।
- घरमा उत्पादन हुने फोहोरलाई कुहिने र नकुहिने छुट्याएर राखौं । कुहिने फोहोरबाट घरमै मल निर्माण गरौं ।
- हाम्रो टोल, बस्तीको सफाईले हाम्रो सभ्यताको परिचय दिन्छ । आफ्नो घर, टोल र सार्वजनिक क्षेत्र सदैव सफा राखौं ।
- कर तिर्न भनेको तपाई हामीले चाहेको विकास गर्ने अवसर प्राप्त गर्नु हो । तसर्थ विकासका खातिर समयमै तोकिएको कर दस्तुर नगरपालिकामा बुझाउने गरौं ।
- नगरबासीको नाताले खुल्ला स्थानमा दिशा गर्नु लाजमर्दो काम हो । तसर्थ सबैले शौचालय निर्माण गरी प्रयोग गरौं ।
- नगरपालिकाबाट प्राप्त हुने सेवाका सम्बन्धमा सदैव चासो राखौं । तपाईले जति बढी चासो देखाउनु हुन्छ, नगरपालिका त्यति धेरै जनउत्तरदायी बन्दछ ।
- जथाभावी फोहोर नगरौं । फोहोर बोक्ने गाडी आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- बालश्रमको प्रयोग नगरौं । नगरपालिकालाई बालश्रममुक्त नगर बनाऔं । सबै बालबालिकालाई विद्यालय पठाऔं ।
- छोराछोरीमा भेदभाव नगरौं । दुबै समाजका सम्पत्ति हुन्, बालबालिकाको लालन, पालन र शिक्षा दिक्षमा ध्यान दिऔं ।
- महिला हिंसारहित बनाउने अभियानमा सबै जना सहभागी बनौं ।
- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्म, विवाह, बसाईसराई, सम्बन्धविच्छेद, मृत्यु दर्ता समयमा नै गरौं । सभ्य नागरिकको भूमिका निर्वाह गरौं ।
- बसोबास स्थल, टोलमा व्यवसायीहरुमा पशुपालन, कुखुरापालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।

**परशुराम नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जोगबुडा, डडेल्धुरा**
**सुदूरपश्चिम, प्रदेश, नेपाल**

**बोलपत्र स्विकृत गर्ने आशयको सूचना**

**(सुचना प्रकाशित मितिः २०७९/१२/१२)**

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०७९।११।१८ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित Procurement, Supply and Transportation (Upto Road Heads) of Cement in Different Places of Parshuram Municipality सम्बन्धि कार्यको लागि बोलपत्र आह्वानको सुचनाअनुसार विद्युतीय खरिद प्रणालि मार्फत निर्धारित समयभित्र यस कार्यालयमा दर्ता हुन आएका बोलपत्रहरुको मुल्याङकनबाट तपशिल बमोजिमको बोलपत्र न्युन मुल्याङ्कित सारभुत रुपमा प्रभावग्राही हुन आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम बोलपत्र स्विकृत गर्ने आशयको ७ दिने सुचना सम्बन्धित सबै बोलपत्रदाताको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**तपसिलः**

| ठेक्का नं. | स्विकृतिको लागि छनोट भएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल रकम (मु.अ. कर बाहेक) |
|---|---|---|
| PM/NCB/Goods/01/2079-080 | Anmol Suppliers, Kailali | ३४,५५,७३०.००।- |

**प्रमुख प्रशासकीय अधिकृत**

**Madhesh Province Government**
**Madhesh Institute of Health Sciences**
**Provicial Hospital**
**Madhesh Province**
**Janakpurdham, Dhanusha**

**Invitation for Bids**

**Date of publication: 26 March 2023**

1. The Madhesh Institute of Health Sciences, Provincial Hospital invites electronic bids from eligible bidders for the procurement of Maternity Medicines and Surgical Goods under National competitive bidding – Single Stage Single Envelope procedures.
3. Under the Single Stage, two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Madhesh Institute of Health Sciences, Janakpurdham, Dhanusha, hospitaljanakpurzonal@gmail.com 9851133791 or may visit PPMO egp system www.bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document NRs. 3000/- in the following Rajaswa (revenue) account as specified below .

**Information to deposit the cost of bidding document in Bank:**


| | | |
|---|---|---|
| Name of the Bank | : | Rastriya Banijjya Bank |
| Name of Office | : | Madhesh Institute of Health Sciences, Provincial Hospital |
| Office Code no. | : | 3500817012 |
| Office Account no. | : | 1000100200010000 |
| Rajaswa (revenue) Shirshak no. | : | 14229 |

4. Pre-bid meeting shall be held at Madhesh Institute of Health Sciences on 12 April 2023 at 13:00 PM
5. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Noon on 25 April 2023. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 13:00 PM on 25 April 2023 at the office of Madhesh Institute of Health Sciences, Provincial Hospital. Bids must be valid for a period of 90 from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of amount mentioned below, which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 23 August 2023) and for cash deposit Bank Voucher in the name of Provincial Financial Controller Office, Madhesh Province, Janakpurdham, Dhanusha, Dharauti Account No: 1220100202030000 (Rastriya Banijaya Bank, Janakpurdham).
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Bid is in package and evaluation will be in package.

| S.N. | Contract Identification No. | Description of Items | Cost of Bidding document(NRs) | Amount of Bidsecurity (NRs) | Remarks |
|---|---|---|---|---|---|
| 1 | MP/MIHS/NCB/ GOODS-1.1/2079-80 | The Procurement of Maternity Medicines | NRs. 3000/- (Non-refundable) | NRs. 1,85,000/- | |
| 2 | MP/MIHS/NCB/ GOODS-1.2/2079-80 | The Procurement of Surgical Goods | NRs. 3000/- (Non-refundable) | NRs. 2,60,000/- | |

**(Director)**

# ललितपुरका विद्यालयमा दादुराका शंकास्पद बिरामी



**मध्यान्ह संवाददाता**
ललितपुर, ११ चैत

ललितपुर महानगरपालिका वडा नम्बर १ कुपण्डोलका विभिन्न विद्यालयमा दादुरा रोगको शंकास्पद बिरामी भेटिएको पाइएको छ । हालसम्म लक्षण देखिएका १० जना विद्यार्थीहरुको रिर्पोट परीक्षणको लागि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला टेकु र पाटन अस्पतालमा पठाइएको छ ।

सोमबार ललितपुर महानगरपालिका १ वडाका वडा अध्यक्ष निर्मल तण्डुकारको अध्यक्षतामा बसेको आकस्मिक बैठकले दादुरा रोग नियन्त्रण तथा रोकथामको लागि स्वास्थ्यकर्मी परिचालन, तथ्यांक संकलन, औषधिको व्यवस्थापन, जनचेतनाको कार्यक्रम अघि बढाउने निर्णय गरिएको थियो । उक्त बैठकमा ललितपुर महानगरपालिकाका प्रवक्ता एवं सामाजिक विकास समितिका संयोजक राजु महर्जन, जनस्वास्थ्य अधिकृत सरिता महर्जन, नाइटिंगेल स्कुल र नार्गाजुरा एकेडेमीका प्रिन्सिपललगायत सरोकारवाला निकायका पदाधिकारीहरुको उपस्थिती रहेको थियो ।

दादुरा रुवेलाको महामारीलाई नियन्त्रण तथा रोकथाम गर्नको लागि बिरामी देखिएका विद्यालय बन्द गर्ने तयारी समेत भइरहेको जनाइएको छ ।

आधारभूत स्वास्थ्य केन्द्र १ वडाका प्रमुख मधुकरमणि आचार्यकाअनुसार दादुरा सरुवा रोग भएको हुँदा यसको लक्षण देखिएमा छुट्टै आइसोलेसन बस्न र तत्काल वडामा जानकारी गराइदिनसमेत अनुरोध गरेका छन् ।

# नेपाल–भारत सम्बन्ध अद्भुतः माधव नेपाल

**प्रेमचन्द्र झा/मध्यान्ह**
रौतहट, ११ चैत

नेकपा एकीकृत समाजवादीका केन्द्रीय अध्यक्ष माधव कुमार नेपालले नेपाल-भारत सम्बन्ध अद्भूत रहेको कुरा बताएका छन । नेपाल-भारतका पत्रकारको संस्था मिडिया फौर वोडर हार्मोनीले ईशनाथ नगरपालिकाको ईशनाथ मठ परिषरमा आयोजना गरेको नेपाल-भारतमैत्री संवाद २०७९ लाई प्रमुख अतिथिको हैसियतले सम्बोधन गर्दै अध्यक्ष नेपालले हाम्रो खुला बोर्डरले धैरै सुविधा भएपनि धैरै समस्या निम्त्याएको बताए । खुल्ला सीमानाका दुवै देशका नागरिकले फाईदा लिन सक्नुपर्ने भन्दै उनको भनाइ थियो । पूर्व प्रधानमन्त्री नेपालले नेपालमा सीमा क्षेत्रका जनताले मलखादको समस्या भोग्नु परेको बताउँदै मलखादको अभावमा कृषि क्षेत्र प्रभावित हुनु दुखद भएको बताए । किसानको समस्या समाधानका लागि विषेश पहल जरुरी रहेका रहेको उनको भनाइ छ ।

मलखादको अभावमा कृषि उत्पादनमा असर पर्नु भनेको किसानको जीवनसँग खेलवाड गर्नु रहेको उनको भनाइ छ । उनले भने, 'सीमाक्षेत्र भारतमा मल छ भने नेपालमा ल्याउन दिनुपर्छ ।' मलका लागि आफुले प्रधानमन्त्री पुष्पकमल दाहालसँग कुरा गरेको उनले बताए । नेपाल-भारत सम्बन्धलाई मजबुद तुल्याउन संस्थाले खेलेको भूमिकाको नेता नेपालले सराहना गरे ।


## Bishnupur Rural Municipality
## Office of the Rural Municipal Executive
**Bishnupur Pra.Ma., Siraha, Province No.2, Nepal**

**Notice for the letter of Intent**

**Date: 2079-12-12 (26th March, 2023)**

Pursuant to Sub Clauses 27.2 and 27.3 of Public Procurement Act 2063 with its revision, this is to notify all the bidders who submitted their bids for the shown in table below as per the Invitation for Bids published in the national daily newspaper on 2079/10/02 & 2079/11/21, that the following listed Lowest Evaluated and Substantially Responsive Bidder has been selected to award the contract. This notice is published for the purpose of clause 47 of Public Procurement Act 2063 with its revision.

| Contract ID., Name of Work | Lowest Evaluated Substantially Responsive Bidder | Bid Price NRs. (Including P.S. & VAT) |
|---|---|---|
| BRM/Works -01- 2079/080, Construction of Old Age Building, Bishnupur Ga.Pa.-1 | Alika Construction, Arnama Ga.Pa.-2,Siraha | 9150533.03 |
| BRM/Works -02- 2079/080, Kataniya Khola ma Pul Nirman, Bishnupur Ga.Pa.-2 | Naw Durga Construction, Arnama Ga.Pa.-2,Siraha | 10601755.88 |
| BRM/Works -03- 2079/080, Shivnath Gupta ghar dekhi sonai ghar samma Nalla Nirman, Bishnupur Ga.Pa.-1 | J.K.Sah Construction Company Pvt.Ltd.,Kathmandu-6 | 1225326.32 |
| BRM/Works -04- 2079/080, Chandeshwor Yadav ko ghar dekhi salhesh mandir samma Nalla Nirman, Bishnupur Ga.Pa.-5 | J.K.Sah Construction Company Pvt.Ltd.,Kathmandu-6 | 1225326.32 |
| BRM/Works -05- 2079/080, Ramdayal Sah ghar dekhi Prameshwor ghar samma Nallla Nirman, Bishnupur Ga.Pa.-2 | J.K.Sah Construction Company Pvt.Ltd.,Kathmandu-6 | 1225326.32 |
| BRM/Works -06- 2079/080, Prushotam sah ko ghar dekhi Bhatti chowk jane sadak dhalan, Bishnupur Ga.Pa.-5 | J.K.Sah Construction Company Pvt.Ltd.,Kathmandu-6 | 1692467.57 |

**Chief Admin. Officer**

## बी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल
**भरतपुर, चितवन**

**दरभाउपत्र आव्हानको सूचना**

**(प्रकाशित मिति २०७९/१२/१२)**

यस अस्पतालाईको लागि आवश्यक पर्ने विभिन्न Miscellaneous लगायतका मालसामान दरभाउपत्रको माध्यमबाट प्रतिस्पर्धा गराई खरिद गर्नुपर्ने भएकाले नियमानुसार योग्य तथा ईच्छुक सप्लायर्स/फर्म/कम्पनीहरुबाट दरभाउपत्रमा उल्लेखित शर्तहरुमा रहि सार्वजनिक खरिद ऐन नियमावली तथा अस्पताल खरिद नियमावली बमोजिम दरभाउपत्र आव्हान गरिएको सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ । यस सम्बन्धमा विस्तृत विवरण अस्पतालको वेभसाइट www.bpkmch.org.np तथा www.bolpatra.gov.np/egp मार्फत हेर्न तथा डाउनलोड गर्न सकिने छ ।

**कार्यकारी निर्देशक**

## UAE को प्रतिष्ठित कम्पनीमा DPS Security Guard हरुलाई बैदेशिक रोजगारको अवसर

**Company: MBK Security Services**

पुनः विज्ञापन । पूर्व स्वीकृती मितिः २०७९/११/०१ चलानी नं. ६०१९६४४५ LT No. : 280971

| सि.नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | AED | ने.रू. | | | | | | | |
| १ | Security Guard | 200 | 00 | काममा दक्ष | 1200 | ४३,१८०।- | क.लि. अनुसार | ८ घण्टा | ६ दिन | क.लि. अनुसार | छ | | २ वर्ष |

**Basic Salary AED 1200 भएता पनि अनिवार्य OT सहित AED 1800 हुनेछ ।**

SLC Passed, उमेरः 21 देखि 40 बर्ष, उचाईः 5.5 Inch भन्दा माथि, कामको अनुभव भएको र English राम्रो संग बोल्न, बुझ्न र पढ्न सक्ने हुनुपर्नेछ ।

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००।- कामदार आफैंले | रु. ७००।- कामदार आफैंले | निःशुल्क |

**अन्तरवार्ता २०७९ चैत १३ र १६ गते (27 & 30 Mar. & 2 Mar, 2023) यस प्रा. लि. को कार्यालय सामाखुसीमा हुनेछ ।**

**Euro Asia H.R. Solutions Pvt. Ltd.**
Govt. Lic: 1162/073/74
Samakhushi, Kathmandu, Tel : 01-4980875, 4965521, 9851048235
9851042984, 9860111396, Email: myeuroasiahr@gmail.com

## Khotehang Rural Municipality
## Office of Rural Municipal Executive
### Khotang
### Koshi Province, Nepal

**Invitation For Bids**

**Date Of Publication:-2079/12/12 (26th March,2023)**

Khotehang Rural Municipality,Khotang invites single stage single Envelope Electronics Bids from eligible bidders for the construction of works mentioned in the table below under national competitive bidding procedures.

Bidders should deposit the fee of bidding documents in the office account as specified below :-

Name of Bank:- Rastriya BanijyaBank,Khotang Bazar
Name of Office:-Khotehang Rural Municipality,Khotang
Office Account No:-2380100301010001

| S. N. | Contract No | Name of works | Bid validity period | Estimate Amount NRS with VAT | Bid security NRS | Bid Document Fee NRS |
|---|---|---|---|---|---|---|
| 1 | KRM/Works/ NCB-04/2079-080 | Rasuwa pandhare Sadak Sanrachana Nirman (Budhedhara- Kulabhanjyang section) | 90 days | 64,99,698.62 | 1,60,000 | 3,000 |

| S.N. | Last Date and time for Bid Submission | Date and Time For Bid Opening |
|---|---|---|
| 1 | 2080-01-12 (2023-04-25) Time with in12:00 hr | 2080-01-12 (2023-04-25) Time After 13:00 hr |

Eligible Bidders may visit PPMO website **www.bolptra.gov.np** ppmo e-procurement section for further information or contract Khotehang Rural Municipality at **email: khotehangmun@gmail.com**

**Chief Administrative Officer**

## कर्मचारी चाहियो

**एक प्रतिष्ठित हस्पिटलको लागि निम्न कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरूले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।**

| सि.नं. | कर्मचारीको पद | संख्या | सि.नं. | कर्मचारीको पद | संख्या |
|---|---|---|---|---|---|
| १ | मेडिकल डाइरेक्टर | १ | १८ | डेन्टल सहायक | १ |
| २ | प्रशासकीय अधिकृत | १ | १९ | अप्थाल्मिक सहायक | १ |
| ३ | अस्पताल व्यवस्थापन अधिकृत/प्रशासक | १ | २० | फिजियोथेरापी सहायक | १ |
| ४ | सूचना अधिकृत | १ | २१ | हाउस किपर | १ |
| ५ | आइ टि सहायक | १ | २२ | General Physician | १ |
| ६ | बायो मेडिकल सहायक | १ | २३ | General Surgeon | १ |
| ७ | अस्पताल बित्तिय व्यवस्थापक (लेखा अधिकृत/लेखापाल/ स लेखापाल) | १ | २४ | Gynecologist and Obstetrician | १ |
| | | | २५ | Pediatrician | १ |
| | | | २६ | General Practioner-MDGP | १ |
| | | | २७ | Dental Surgeon | १ |
| ८ | स्टोर किपर (सहायक/अधिकृत) | १ | २८ | Dermatologist and Venerologist | १ |
| ९ | रिसेप्सनिष्ट | १ | २९ | Radiologist | १ |
| १० | मेडिकल अधिकृत | ६ | 30 | CSSD | २ |
| ११ | नर्सिंग अधिकृत | २ | ३१ | Laundry/House Keeping | २ |
| १२ | नर्सिंग स्टाफ | १५ | ३२ | Dietician | १ |
| १३ | पारामेडिकल स्टाफ/हे अ | ८ | ३३ | Lab technician,BMLT | १ |
| १४ | फार्मेसी अधिकृत | १ | ३४ | Lab Technician | १ |
| १५ | फार्मेसी सहायक | २ | ३५ | BMET Diploma | १ |
| १६ | अनेस्थेतिक सहायक | २ | ३६ | Plumber | १ |
| १७ | डेन्टल हाइजिनिस्त | १ | ३७ | Electrician | १ |

**Send your CV to:** inovahospitalnepal@gmail.com

**INOVA HOSPITAL PVT. LTD.**
Lazimpat, Kathmandu. Phone No: 01-4411912
Mobile: 9866292670, 9851031998



मध्यान्ह
www.madhyanhadaily.com
१२ चैत २०७९, आइतबार
26 March 2023, Sunday

## सम्पादकीय

### भागबण्डामा अल्झिएको देश

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड बल्ल मन्त्रिपरिषद्लाई पूर्णता दिने छलफलमा जुटेका छन् । शनिबार नेकपा माओवादी केन्द्रको पदाधिकारी बैठक राखेर प्रधानमन्त्री एवम् अध्यक्ष प्रचण्डले मन्त्रिपरिषद् बिस्तारलाई प्राथमिकतामा राखेको बताएका छन् । प्रधानमन्त्री प्रचण्डले गरेको ब्रिफिङ अनुसार, सोमबारसम्म मन्त्रिपरिषद् बिस्तार हुन सक्छ । त्यसका लागि प्रचण्डले सत्ता साझेदार दलहरूसँग छलफल गरिरहेका छन् । सत्ता साझेदार १० दललाई सरकारमा समेट्नेबारे छलफल चलिरहेकाले मन्त्रिपरिषद् बिस्तार अब धेरै ढिलाइ नगर्ने बताए । तर मन्त्रिपरिषद् बिस्तार आफैमा ढिलाइ भइसकेको छ । प्रधानमन्त्री बनेको तीन महिना बित्दा समेत प्रचण्डले ६ मन्त्री र एक राज्य मन्त्रीको भरमा अहिले सरकार चलाइरहेका छन् । ती मन्त्रीहरू पनि एक जना जनमत पार्टीका बाहेक बाँकी आफ्नै पार्टी माओवादी तर्फका हुन् ।

१० पुसमा सत्ता साझेदारी गरेका नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले सरकार छोडेकाले झण्डै महिना दिनदेखि प्रचण्डले पाँच मन्त्री र एक राज्य मन्त्री बाहेक सबै मन्त्रालय आफै चलाइरहेका छन् । सरकार बनेको यति लामो समयसम्म मन्त्रिपरिषद् अपूर्ण हुनुमा पनि भागबण्डाकै राजनीतिले काम गरेको थियो । पहिले एमालेसहित दलहरूसँग भएको भागबण्डा र गठबन्धनको सहकार्यप्रति असन्तुष्ट हुँदै प्रचण्ड आफैले नेपाली कांग्रेस नेतृत्वको गठबन्धन बनाउने निर्णय लिएका थिए । प्रचण्डले गठबन्धन बदल्दा राष्ट्रपतिमा कांग्रेसका रामचन्द्र पौडेल र उपराष्ट्रपतिमा जनता समाजवादी पार्टी (जसपा) का रामसहायप्रसाद याद निर्वाचित भइसकेका छन् । १० पुसको गठबन्धनमा राष्ट्रपति एमाले र उपराष्ट्रपति माओवादी केन्द्रले लिने सहमति जुटेको थियो ।

तर त्यो सहमति भत्किदा दुई महिना नबित्दै सरकार अपूर्ण हुन पुग्यो । अहिले फेरि मन्त्री र मन्त्रालय भागबण्डामा प्रधानमन्त्रीको समय खर्च भइरहेको छ । सँगै, उपनिर्वाचनको भागबण्डा पनि समकालीन राजनीतिको प्रमुख चासो बनेको छ । राष्ट्रपति पौडेल उपराष्ट्रपति यादव र रास्वपा अध्यक्ष रवि लामिछाने निर्वाचित भएको क्षेत्र रिक्त भएकाले ती क्षेत्रमा उपनिर्वाचन हुँदैछ । त्यसका लागि सत्तारूढ दलहरूबीच फेरि भागबण्डाको अडान र भद्र सहमतिको प्रशंग सार्वजनिक भएका छन् । यो टुंगिएपछि पनि भागबण्डाको राजनीति सकिने देखिदैन । एमाले र राप्रपा सत्ताबाट बाहिरिएकाले प्रदेश सरकारहरू पनि अस्थीर बन्न पुगेको छ । त्यहाँ नयाँ मुख्यमन्त्री र मन्त्रीहरू चयन गर्न भागबण्डालाई आधार मानिनेछ । तसर्थ मुलुक र नागरिकका समस्या अगाडि सरकार भने पूर्णतः भागबण्डाको राजनीतिमा अल्मलिन पुगेको छ ।

# आगलागी र डढेलोको चिन्ता

अग्रलेख



● अच्युतप्रसाद पौडेल 'चिन्तन'

#### विषय प्रवेश

दिनहरु सधैँ सुखद हुन्नन् । मौसम परिवर्तन भएको छ । तापमान वृद्धि हुँदा शरीरमा ज्वरो आएको भनिन्छ, त्यस्तै भएको छ धर्ती पनि । अगलागी अनि डढेलोले पिरोलेको धेरै भयो हामीलाई । यस वर्ष पनि तराईको सप्तरी, पहाडको पाँचथर र तेह्रथुमले यसको संकेत दिइसकेको छ । झण्डै पाँच महिनाको प्रतिच्छापछि देशले छिट्फूट हिउँदे वर्षा पाएको छ, फागुनको १४ गते केही वर्षा हुँदा अमृत प्राप्ति सरहको खुसी रह्यो, तर मेलम्ची आएको भनिए पनि धारामा पानी पटक्कै छैन । दुई/चार गाग्रो पानीका लागि खाने पानीको अफिस धाउँदै दिन बित्दैछ । देशमा पोष्ट मौसमको समय भनेको १५ असौजदेखि १५ मंसिर हो, यतिबेला औसत ९० मि.मि. पानी पर्नुपर्ने हुन्छ । १६ मंसिरदेखि १५ फागुनको समय हिउँद हो । यो समयमा ६० दशमलव ९ मि.मि. पानी पर्नुपर्ने हुन्छ । सरदर ३१ देखि ७१ मि. मि.सम्मको वर्षालाई औषत वर्षा भन्ने गरिन्छ तर, माघसम्म देशैभरी यसपालि १२ मि.मि. मात्र पानी पर्नाले औसतभन्दा धेरै कम भएको छ । मार्च महिना भनेको प्रि मौसमको समय हो । यतिबेला हावाहुरी, डँडेलो, आगलागी, चट्याँगको समस्या धेरै हुने गर्छ ।



#### स्थिति भयावह

भर्खरै पाँचथरमा आगलागी हुँदा दुई बालकको मृत्यु भयो । तेह्रथुम आठराईको चुवान डाँडाको भीषण आगलागीमा १४ घर जले, एक महिला घाइते भइन् । पशु, चौपायाहरु धेरैको क्षति भयो । दमकल नपुग्ने पानी नभएको विकट क्षेत्रमा आगलागीबाट तड्पिनुको विकल्प छैन हामीसँग । जंगल डंढेलो हाम्रो नियती नै हो । सप्तरीको खड्कपुरमा आगलागी हुँदा चार घर नष्ट भई २५ लाख बराबरको क्षति विवरण आएको छ । सप्तरीमा मात्र विगत एक दशकमा आगलागीका ९०४ घटना, ११ मानिसको मृत्यु २९ सय घरहरु नष्ट भएको तथ्यांक छ । त्यसो त हरेक वर्ष देशमा आगलागी, डढेलोका घटनाबाट ८० जनाले मृत्युवरण गर्ने गरेका छन् । यो वर्षमात्रै गत वैशाखदेखि हालसम्म ९८ वन डढेलोमा परिसकेको, एकको मृत्यु दुई घाइते, ३४ घरपरिबार प्रभावित भएका छन् । समग्रमा दुई हजार २६२ घटनामा ८४ जनाको मृत्यु र ३१८ घाइते, दुई हजार ६२८ परिवार प्रभावित भएको तथ्यांक छ ।

